महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष : १८ अङ्क : १० महिना : बैशाख-जेठ २०७४

## हिंसामा महिला र बालबालिका

देशका अधिकांश जिल्लामा महिला तथा बालबालिकामाथि हुने हिंसा रोक्ने प्रयास भइरहे पनि व्यवहारमा भने उपलब्धि हात लाग्न सकेको छैन । दिन प्रतिदिन घरेलु हिंसा, यौनदुर्व्यवहार, बलात्कार, दाइजो तथा अपराधजन्य घटनाहरुले सञ्चार माध्यममा प्राथमिकता पाइरहेको देखिन्छ । अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण महिला र बालबालिकामाथि हुने हिंसाका घटनाहरु बाहिर आउन सकेका छैनन् । बाहिर आएका कतिपय घटनाहरु अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेका छैनन् ।

महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना सम्बन्धमा राजधानीबाट प्रकाशित दैनिक अखबारहरुका अनुसार २०७४ को वैशाख र जेठ महिनामा मुलुकभर महिला र बालबालिकामाथि भएका हिंसाका १६ वटा घटना भएको पाइएको छ । त्यसमध्ये महिला हिंसासँग सम्बन्धित १० वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित ६ घटना प्रकाशित भएका छन् । प्रकाशित समाचारमा हत्या, बलात्कार सामूहिक बलात्कार, कुटपिट, अलपत्र, वेवारिसे लगायतका घटनाहरु महिला र बालबालिका सँग सम्बन्धित रहेका छन् ।

यस पटक स्थानयिन निर्वाचनका कारणले गर्दा निर्वाचन संग सम्बन्धि समाचारले बढी प्राथमिकता पाएका कारण महिला र बालबालिका सम्बन्धि समाचारले गत बर्षका महिनाहरुमा भन्दा कम प्राथमिकता पाएको देखिन्छ ।

### हिंसामा महिला :

राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नयाँपत्रिका र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा १० वटा महिला हिंसा संग सम्बन्धीत समाचार प्रकाशित भएको पाइएको छ । त्यसमध्ये २ महिलाको हत्या भएको छ, भने १ महिलाले आत्महत्या गरेकी छिन्, भने २ महिला बेपत्ता भएको समाचार प्रकाशित भएको छ । त्यसैगरी २ महिला कुटपिटबाट पिडित भएका छन् । प्रकाशित समाचारका अनुसार सामूहिक बलात्कार १, कुटपिटबाट घाइते १ र १ महिलालाई प्रेमीकाले विवाह गर्ने बहानामा श्रीमती बनाई वेवारिसे अवस्थामा छोडी आफू बेपत्ता भएको समाचार पनि प्रकाशित भएको छ ।




**हिंसामा बालबालिका :**

अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना ६ वटा पहिचान गरेका छन् । त्यसमध्ये १ बालिकाको हत्या भएको छ, भने २ बालिका बलात्कृत भएकी छिन् । त्यसैगरी गस्तिमा हिडेको प्रहरीले बर्दिया नगरपालिका बबई खोलाको झोलुङ्गे फुलमुनी नवजात शिशु भेटिएको समाचार प्रकाशित भएको छ । अपहरण, बालविवाहमा १-१ बालबालिका पीडित भएको समाचार प्रकाशनमा आएको छ ।



## इह्रिकन गतिविधि :

### हिंसा अन्त्यको लागि भिडियो भ्यान सचेतना

दोलखा जेठ १८ । बिहिबार साँझपर्दै गर्दा सदरमुकाम चरिकोट चोकमा एउटा भ्यान रोकियो । भ्यानमा हिंसा के हो ? न्याय पाउनका लागि कहाँ जान सकिन्छ ? बालविवाह किन ठिक छैन जस्ता सन्देश मूलक सामाग्री टाँसिएका थिए ।




चोकमा मानिसको चहलपहल बढ्दै गएपछि उद्घोषकले सचेतना मुलक भिडियो ( वित्तचित्र) र नाटक प्रदर्शन गर्ने जानकारी गराए । चोकभरी छरिएर बसेका सबै मानिस गोलबद्ध भए ।

नाटकको श्रृङखला सुरु भयो । महिला हिंसा विरुद्धको ३६५ दिने अभियान अन्तर्गत महिला तथा बालबालिका कार्यालयको समन्वय मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) को आयोजना र संचाररिका समूह र जुरी नेपालको सहकार्यमा कार्यक्रमको आयोजना गरएको थियो । अन्तक्रियात्मक, प्रश्नोत्तर, वृत्तचित्र प्र्रदशनी र नाटक मञ्चन विधीबाट गरिएको थियो ।



भिडियो भ्यान (वित्तचित्र) सडक नाटक हेरेकी दोलखा शैलुङ गाउँपालिकाकी पञ्जली तमाङले यस्तो कार्यक्रम कहिल्यै नहेरेकाले आफ्नो लागि नौलो लागेको बताईन् । ‘केही गल्तीनै नगरी जाँड खाएर श्रीमती त हाम्रो गाउँमा नि कुट्छन् तर कुट्यो भन्दैमा सहनु हुन्न रहेछ भन्ने सन्देश पाए ।’ उनले भनिन् ।




स्थानीय कलाकारले प्रस्तुत गरेको नाटक श्रृङ्खलामा घरेलु हिंसा, बालविवाह, चेलिबेटी बेचविखन लगायतका गतिविधिले निम्तने समस्या र समाधान तथा कानुनी उपचारका लागि के गर्न सकन्छि भन्ने उपायबारे प्रष्ट पारिएको थियो भने रामेछाप र कपिलवस्तुका हिंसा पीडित महिलाको समस्या समेटेर तयार पारिएको सन्देशमुलक बृत्तचित्र प्रर्दशन गरिएको थियो ।

कार्यक्रममा दोलखाका स्थानीय विकास अधिकारी शंकर नेपालले हिंसाको अन्त्य घरबाट गर्नुपर्ने बताउनु भयो । इह्रिकनकी कार्यक्रम संयोजक रोश्ली पोखरेलले मनोरञ्जनात्मक तरिकाले चेतना दिनका लागि बृत्तचित्र, सडक नाटक, अन्तरर्क्रिया, हाजिरी जवाफ जस्ता गतिविधिबाट कार्यक्रम सञ्चालन गरिने यस्तो कार्यक्रम समुदायको सवालसंग जोडिने आशा व्यक्त गर्नु भयो ।

सचेतना मुलक कार्यक्रमको उद्घाटन भीमेश्वर नगरपालिकाकी उपमेयर कमला बस्नेतले गर्नु भएको थियो । कार्यक्रम दोलखा जिल्लाको तामाकोशी गाउँपालिकाको जफे र भिरकोटमा समेत गरी ६ स्थानमा सञ्चालन  भएको थियो ।

## स्थानीय तहका महिला नेतृत्वमा सूचनाको हक




असार ६, काठमाडौं : स्थानीय तहमा निर्वाचित भएका महिलाहरु नेतृत्वलाई भोलिका दिनमा स्थानीय तह सञ्चालनका लागि सूचनाका क्षेत्रमा शक्तिशाली बनाउन आग्रह गरिएको छ। राष्ट्रिय सूचना आयोगले स्थानीय निर्वाचन : महिला नेतृत्वमा सूचनाको हकसम्बन्धी मिडिया अन्तरक्रियामा आयोजना गरेको कार्यक्रममा सहभागीहरुले यस्तो बताएका हुन् । संविधानको धारा २७ ले सूचनाको हकको ग्यारेन्टी गरेको भन्दै स्थानीय तहमा निर्वाचित भएर आएका महिला नेतृत्वले आफूलाई समयअनुसार परिवर्तन गर्दै लैजानका निम्ति सूचनाको पहुँचको विकास र अपडेटमा ध्यान दिनुपर्ने बताए। त्यस अवसरमा स्थानीय तहको पहिलो चरणको निर्वाचन अवधिभर सञ्चारमाध्यममा आएका महिला प्रतिनिधिहरुको समाचारसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै मानवअधिकार सञ्चार प्रतिष्ठानका अमृता लम्सालले संविधानक धारा ३० को उपधारा ४ ले राज्यका सबै निकायमा समावेशिताका आधारमा महिला प्रतिनिधित्व सुनिश्चित  गरेको भन्दै स्थानीय तहको निर्वाचनमा महिलाहरु प्रमुख पदमा उठ्न चाहँदैनन् भन्ने सन्देश जाने गरी समाचार सम्प्रेषण भएको बताइन्।

उनले विगतमा भन्दा अहिले महिला प्रतिनिधित्व वद्धि भए पनि उपप्रमुख वा उपाध्यक्ष पदमा नै महिलालाई सिमित गरिएको समेत बताइन्। कानुनमा समावेशीता सुनिश्चित भएपनि कानुन र व्यवहारमा भिन्नता भएको उनले बताए। 'महिलाले चलाउने भनेको सहायक पद हो भन्ने जस्तो गरी समाचारहरु आए। यससँगै महिला उम्मेदवारहरु त आए तर उनीहरुले स्थानीय तहमा के-के काम गर्छन् ? उनीहरुको भूमिका के छ भनेर मिडियामा त्यति आएन' उनले भनिन्। राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटाले निर्वाचनमा महिलाका मतदाता संख्या जनसंख्याभन्दा कम किन भए? कति महिला मतदानमा सहभागी भए? महिला मतदाताका रोजाइमा कस्ता उम्मेदवार परे? उनीहरुले मतदाता शिक्षा कति पाए भन्ने कुराहरु पनि मिडियामा आउन जरुरी भएको बताए। उनले महिलाका विषयमा यी कुरासँगै महिलासम्बन्धी हाम्रो संविधान, कानुनले व्यवस्था गरेका कुराहरु समेत आउन आवश्यक रहेको बताए। 'अहिले जति पनि महिला प्रतिनिधि स्थानीय तहमा निर्वाचित भएका छन् ती महिलाहरु ५ वर्षपछि प्रमुख पदमा आउन सक्छन् कि सक्दैनन्? अथवा उनीहरुलाई प्रमुखमा ल्याउन अहिलेदेखि नै के गर्नु जरुरी छ भनेर ध्यान दिन जरुरी छ' बास्कोटाले भने। यसैगरी कार्यक्रमका प्रमुख अतिथि सांसद रविन्द्र अधिकारी महिलालाई अधिकारबारे सचेत गराउने जिम्मेवारी महिला वा कुनै निश्चित क्षेत्रको मात्र नभएर सबैको भएकाले त्यसको जिम्मेवारी सबैले सचेतताका साथ निर्वाह गर्नुपर्ने बताउँछन्।

व्यवस्थापिका संसद विकास समितिका सभापति समेत रहेका सांसद अधिकारी सूचना भनेको समाजको सबैभन्दा बलियो शक्ति भएकाले सूचनाको प्रयोग गर्दै स्थानीय तहमा निर्वाचित महिलाहरुलाई सहभागीता सँगै अधिकार प्रयोग गर्नका निम्ती सक्षम बनाउनुपर्ने बताए। 'अहिलेसम्म जुन-जुन क्षेत्रमा महिला जाने अवस्था बनेको छ त्यो अत्यन्तै सकारात्मक छ। अब यसलाई प्रतिनिधित्व सँगै हामीले उनीहरुको क्षमता विकास गर्नेतर्फ ध्यान दिन जरुरी छ'-अधिकारी भन्छन्।

आयोगका आयुक्त यशोदा तिम्सिना २० वर्षपछि भएको निर्वाचनअन्तर्गत पहिलो चरणमा भएको निर्वाचनबाट ५ हजार बढी महिला स्थानीय तहको नेतृत्वमा आउनुलाई ठूलो उपलब्धिका रुपमा लिनुपर्ने बताउँछिन्। महिलाको विकासका लागि आर्थिक सशक्तीकरणले ठूलो भूमिका खेल्ने भएकाले त्यसतर्फ पनि सबैले ध्यान दिनुपर्ने उनको भनाइ छ। 'अहिलेको युगमा हामीले सूचनाको शक्तिको प्रयोग गर्न जान्नुपर्छ। अहिले जोसँग सूचना छ त्यो नै शक्तिशाली हो -तिम्सिना भन्छिन, तर अहिलेसम्म जसलाई सबैभन्दा बढी सूचना आवश्यक छ त्यो वर्ग नै सबैभन्दा बढी सूचनाबाट वञ्चित छ।' महिलाका अधिकार तथा सेवासुविधाबारे के कति व्यवस्था छन् भन्ने बारेमा महिला नै जानकार नभएको भन्दै त्यसको सूचना प्रत्येक महिलासम्म पुर्याउन आवश्यक रहेको बताए। अर्का आयुक्त किरणकुमार पोखे्रल महिला सशक्तिकरणका लागि सहि सूचना प्रवाह गर्ने स्थितिको सिर्जना गरिनुपर्ने बताए। महिलालाई दिइएको धेरै अधिकारबारे महिला नै जानकार नभएको भन्दै उनले यसका विषयमा अन्य सचेत तप्काले ध्यान दिनुपर्ने बताए।

काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले महानगरमा छुट्टै सूचना डेस्क र सूचना अधिकारीको व्यवस्था गरी सूचना प्रवाहलाई चुस्त बनाउने बताए। राज्यले स्थानीय तहमा ४० प्रतिशत महिला सहभागीता सुनिश्चित गरे पनि काठमाडौं महानगरको निर्वाचनबाट ४२.५ प्रतिशत महिला सहभागिता सुनिश्चित भएको बताए। प्रमुख शाक्यले भने-'अहिले हामीले सहभागिता सुनिश्चित गरेका छौ, सहभागिता भइसकेपछि महिलाहरुले आफूले पाएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरी भोलिका लागि योग्यता तिखार्न सीप विकास गर्नका लागि काम गर्नेछौं।' मिडिया एड्भोकेशी फोरमकी अध्यक्ष बबिता बस्नेतले स्थानीय तहमा महिला सहभागीताको विषयलाई अहिले मिडियाले राम्रो कभरेज गरेको भन्दै अब स्थानीय तहहरुले जवाफदेहिता, सुशासन, पारदर्शीताका लागि काम गर्नेपर्ने बताइन्।

# महिला हिंसा विरुद्ध ३६५ दिने अभियान

हिंसा पीडित **महिला र बालिकाको न्यायमा पहुँच** परियोजना अन्तर्गत भिडियो भ्यान तथा सडक नाटक प्रदर्शन : दोलखा र सिन्धुपाल्चोक





INSTITUTE OF HUMAN RIGHTS COMMUNICATION, NEPAL

मानव अधिकार संचार प्रतिष्ठान, नेपाल

IHRICON



